# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/५/०७७/७८ मितिः- २०७८/०१/२७

भुक्तानी सम्बन्धी कार्य गर्ने सम्बन्धित सबै संस्थाहरु ।

विषयः **अ.प्रा.निर्देशन नं. ९/०७७ मा संशोधन गरिएको सम्बन्धमा** ।

महाशय,

यस बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थालाई मिति २०७७/०५/११ मा जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७७ को अ.प्रा. निर्देशन नं. ९/०७७ को बुँदा नं. १ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फस्र्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. ECC को कारोवार सकिए पश्चात् सेटलमेन्टका लागि ECC Rule Book मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले इलेक्ट्रोनिक माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरूको खर्च वा जम्मा गर्ने रकमको अन्तिम सारांश (Net Clearing Position) यस बैंकको बैंकिङ कार्यालयमा पठाउने सम्बन्धमा निम्न सत्रहरूलाई मात्र सञ्चालन गर्ने ।

(क) आईतवार देखि बिहिवार सम्म :

| क्लियरिङ्ग सत्र | **Net Clearing Position** प्राप्त गर्ने समय | सेटलमेन्ट हुने समय |
|---|---|---|
| नियमित क्लियरिङ्ग सत्र **(Regular Clearing Session)** | दिउँसो ३:०० बजे | दिउँसो ३:१० बजे |
| पहिलो एक्सप्रेस क्लियरिङ्ग सत्र ♣ **(First Express Clearing Session)** | बिहान ११:३० बजे | बिहान ११:४० बजे |
| दोश्रो एक्सप्रेस क्लियरिङ्ग सत्र ♣ **(Second Express Clearing Session)** | दिउसो १२:३० बजे | दिउसो १२:४० बजे |

♣ ग्राहकको अनुरोधमा मात्र क्लियरिङ्ग हुने ।

(ख) शुक्रवारको लागि :

| क्लियरिङ्ग सत्र | **Net Clearing Position** प्राप्त गर्ने समय | सेटलमेन्ट हुने समय |
|---|---|---|
| नियमित क्लियरिङ्ग सत्र **(Regular Clearing Session)** | दिउँसो १२:३० बजे | दिउँसो १२:४० बजे |

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

| | | |
|---|---|---|
| एक्सप्रेस क्लियरिङ्ग सत्र ♣ **(Express Clearing Session)** | बिहान ११:३० बजे | बिहान ११:४० बजे |

भवदीय,

(भुवन कडेल)

कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग
९. श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाहरु ।